# छन्दका नियम,लेखन र बाचन शैली!

-अनन्तगोपाल रिसाल [22nd May,2010]





•वेदका ऋचाहरु जो छन्दमा लेखिएका छन् तीनलाई **'छन्द-सूक्त'** भनिन्छ!

•सनातन धर्मका प्राचीन ग्रन्थहरु रामायण,महाभारत(१ लाख),गीता(७००) श्लोकबद्ध, छन्दोबद्द

•सामवेदमा संगीतको प्राधान्यता
•छन्द लेखन र बाचन एक आपसका परपूरक हुन्

•रबड-छन्दका रुप नेपाली लोक झ्याउरे,गजल र 'सोनेट' आदि पनि यिन्कै बिभिन्न सजिला मार्ग





# १. नियम

## १.१ पद्य-काब्यको इतिहास, उद्गम श्रोत:

पद्य-काब्य =नियम पूर्याएर मर्यादापूर्वक छन्दका कबितामय काब्य-रस

**अलौकिक**

- **अपौरुषेय श्रुति वाङ्मय पद्धति**
- छन्द-परंपरा,वेद र पौराणिक मान्यता द्वारा उद्भव
- सिद्धिबाट स्वयं स्फूरित भै प्रकट भएकोलाई सूक्त भनिन्छ-(ऋषि,देवता र छन्द)
- छन्दको प्रादूर्भाव यज्ञबाट, शिवजीको तान्डव, ध्वनी,संगीतबाट

**लौकिक**

- वाल्मिकीलाई संस्क्रित साहित्यका आदि-गुरु भने जस्तै र वैदिक र **लौकिक छन्दसूत्र पिङ्गललाई आदि-कवि** भनिएको प्रसँग आउँछ
- हाल साहित्यका हिसाबले छन्दको जति महत्व छ यसले ऐतिहासिक, प्राचीन र शास्त्रीय इतिहास पनि बोकेको छ (१ 000 जति छन्द )
- नेपाली मात्र नभएर सँस्कृत मूलका संपूर्ण भारतीय साहित्यमा पनि छन्दको प्रामाणिक प्रधानता छ!
- परंपरा प्राप्त प्रामाणिक छन्दको ज्ञान पनि त्यसरी नै बिभिन्न कालमा बिभिन्न महान ज्ञाता,ऋषि आदि मन्त्रद्रष्टाले आधुनिक युगमा कवि,लेखक र साहित्यकारका माध्यमबाट प्रसारित भए

# २. पद्य-काब्यको लेखन शैली

**२.१ परिभाषा**
**२.२ रस छनोट**
**२.३ छन्दको छनोट**
**२.४ विषय बस्तुको छनोट**
**२.५ दृश्याँकन छनोट**

## २.१ : परिभाषा

**ह्रस्व:**
लघु (|), क कि कु क
**दीर्घ:**
गुरु (S), का की कू के कै को कौ कँ क्क कुन्
**यति (विश्राम):**
**गण:**
**पाउ:** (विषम- १, ३ सम – २,४)
**श्लोक:** (४ पाउ)
**काब्य:** ()

| गण | य-गण | म-गण | त-गण | र-गण | ज-गण | भ -गण | न-गण | स-गण |
|---|---|---|---|---|---|---|---|---|
| स्वरुप | ISS | SSS | SSI | SIS | ISI | SII | III | IIS |
| देवता | जल | पृथ्वी | आकाश | अग्नि | सूर्य | चन्द्र | स्वर्ग | वायु |
| फल | वृद्धि | श्रीप्राप्ति | धन-नाश | विनाश | रोग | सुयश | आयु | भ्रमण |

**य मा ता रा ज भा न स ल गा**
**I S S S I S I I I S**

## २.२ रस छनोट

**शान्त** = शिखरिणी
**श्रिंगार** = मालिनी,बसन्ततिलका
**हास्य** = ईन्द्रबज्रा, उपेन्द्रबज्रा
**शोक(करुण)** = वियोगिनी, अपरान्तिका
**प्रताप (वीर)** = पृथ्वी, श्रग्धरा, शार्दूलविक्रीडित
**आश्चर्य(अद्भूत)**= मन्दाक्रान्ता
**डर** =
**घृणा** =
**क्रोध** =

## २.३ छन्द छनोट

**मालिनी छन्द**

**(१५ अक्षरको एक पाऊ, चार पाऊको एक श्लोक, ८ मा यति)**

**न न म य य**

III III SSS ISS ISS

## २. ४ विषय बस्तु छनोट

- शब्दहरु:
  **अलग ठूला बाटा सजिलो सफा गाडी आबाज भब्य छिटो पर्यटक तल नहर रेल माथि घर नगर तिमीले साझाको हाँकेर बोलमा जवान फ्यासन नखरा**

  **III SS SS IIS**

अब हामी सबै मिलेर एउटा छन्दमा कबिता लेखुँ न त, हुन्न?

**न्यूयोर्क शहर !**

नगर अलग बाटा, गाडि छीटो दगुर्छन्
नहर घर सजीला, रेल आबाज गर्छन् !

# २.५ पदय-काब्यको दृश्याँकन शैली

(भनिन्छे - १ चित्रमा १००० शब्द लुकेका हन्छन्)



प्रधान् मन्त्री फर्के, फेरि हुने होकी होइनन्?
फोटो खिच्यो,सम्झ्यो,राख्यो चिन्ने होकी होइनन् ?





Karati woman at Sakela Festival

आभुषण नारी-हाम्रा,राम्रा नाना भेष
अग्ला पहाड्-शिखर छन्-तराई-मधेश !
पोते,चुरा,धागो लछिछन्,कोरीबाटी केश
हेर्छ्यौ टाढा, माथिबाट? हिमाल्पारी देश!





दुबो सरी हुन् भरिलो जवानी
सधैँ बनुन् जीवन भाग्यमानी

शेर्पा,बाहुन्,गुरुङ, मगर्, तामाङ्, नेवार
लिम्बु, थारु, गन्धर्व र धामी
सुनुवार!
राता टीका चिल्ला गाला,छड्के नजर!
चिटिक्ककी,ह्विस्ट-पूश्ठ, चिन्ता नगर!




आखाँ चिम्लेँ,छैन केही,सपना हो बुझेँ
पानी देख्छु-मरुभुमी,पसीनाले भिझेँ

**http://www.unicodenepali.com/release/convert.aspx**

# ३. पद्य-काब्यको बाचन शैली

- एकै छिन्का लागि रोकिनु भनेको - यतिले जनाउँछ
- हाउ-भाउ कला बाचनका व्यंजक हो
- मुखाकृति भाव-संकेतमा कतिपय काब्य-विचारहरु अभिव्यक्त हुन जान्छन्
- आँखा चलाउनु,झिम्क्याउनु,हात हल्लाउनु
- लेघ्रो तान्नु, अनुकरणात्मक शब्दका प्रयोग गर्नु
- शब्दांश कसरी उच्चारण गर्ने, कुन लय राख्ने सबै छन्दले नेतृत्व लिएको हुन्छ!

जन्ता छ हेर साक्षी,खोजे छ मिल्छ <u>शिक्षा!</u>
मागेर मिल्दछन् क्यै ! खोसेर लिन्छ <u>भिक्षा?</u>
मौका छ जीन्दगीमा,मिल्दै छ जानु दिन्दिन्
पढ्दै बढेर साथी-जान्छौ घटेर <u>कक्षा?</u>

-गजल
SSI SIS SSS ISI SS

हिमाली भाषा ती, नभन नमिठो, दुख्दछ मन
कतै बिर्स्यौं होला, तर छ रसिलो सुन्दर बन!
अहा सेता,अग्ला-अडिग रहने,त्यही छ सपना
छ भाखा नेपाली,अमर महिमा,आँगन नयाँ !

**य म न स भ ल गु**
**-शिखरिणी (१२ मा यति)**

इतिहास यहाँ बोल्छ,धन्य मानव दर्शन
कोटी तेत्तीस छन् देव,तिमी एक सनातन|
भण्डार,योगको खानी,प्रयाग,तीर्थको मूल
नेपाल स्तूप हो,विश्व-संम्पदा,प्रेमको पूर

**-अनुष्टुप (८,८ मा यति)**

यो बैंस मैले [illegible] बिताएँ
गला हुँदामा कति राग गाँए!
धेरै कुदें लौ खदिँला ती चित्र,
ठिटो छँदामा,गरियो बिचित्र!

यो जीवनी होस् प्रण,ताज यस्तो
सधैँ,सबै-अर्पण आज जस्तो!
छ भक्ति भो?ज्ञान भयो विवेक?
आखीर श्री-कृष्ण रहेछ एक!

-इन्द्रवज्रा(ततजगुगु) र उपेन्द्रवज्रा(जतजगुगु) छन्दहरु मिलेर उपजाती बन्छ (५ मा यति)